स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सारङ्गी फिल्म्सको प्रस्तुतिमा निर्माण हुन लागेको चलचित्र 'सिन्दुरे जात्रा' अभिनेता विजय बराल र अभिनेत्री अञ्जना बराइलीको अभिनय रहने भएको छ। निर्माण युनिटले फिल्मको मुख्य भूमिकामा यो जोडी अनुबन्धित गरेको हो। फिल्ममा निर्देशन सरोज पौडेलले गर्न लागेका हुन्। अन्य कलाकार बिस्तारै अनुबन्ध गर्दै जाने निर्देशक पौडेलले बताए। 'कथाले नै उनिहरुलाई मागेपछि अनुबन्ध गराएका हौं ।'

**आजको विचार...**



गाउँको...
(दुई पेजमा)

डा. खिमलाल देवकोटा

फागुन १ गतेलाई प्रदर्शन मिति तय गरिएको फिल्म 'कल्ली'को छायाँन सकिएको छ। नायिका पूजा शर्माको आइटम डान्स 'क्या राम्री' चोभारमा छायाँन गर्दै फिल्म सकिएको हो। फिल्मको छायाँन ६० दिनमा प्याकअप भएको निर्माता किरण नेपालीले जानकारी दिए। आशिष अविरलको संगीतमा तयार भएको गीतलाई रामजी लामिछानेले कोरियोग्राफी गरेका छन्। गीतमा सुरेन्द्र रानाको शब्द छ। बिहेपश्चात पूजाले यही फिल्मको गीतमा पहिलो पटक काम गरेकी हुन् ।



❒ वर्ष ३१ अंक १७८ ❒ २०८२ माघ ११ गते आइतबार 25 January 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा दलहरुबाट महिलालाई उपेक्षा

***ठूला र नयाँ सबै दलमा महिला नेतृत्वको विकासबारे राजनीतिक इच्छाशक्तिको अभाव देखाइएको छ । कानुनले प्रत्यक्ष र समानुपातिकबिच स्पष्ट बाध्यता नतोकेकाले दलहरूले महिलालाई समानुपातिक कोटामा सीमित गर्ने अभ्यास दोहोऱ्याएका हुन् ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा (तानसेन),** माघ १०/ आसन्न प्रतिनिधिसभा सदस्यको लागि हुन लागेको निर्वाचनमा पाल्पामा महिला उम्मेदवारलाई उपेक्षा गरिएको छ । सबै दलले उम्मेदवार सिफारिस गर्दा महिलालाई समेत सिफारिस गरे पनि उम्मेदवार छनोट गर्दा भने उपेक्षा गरेका हुन् ।

दुई वटा निर्वाचन क्षेत्र रहेको पाल्पामा कुल ३० जनाले मनोनयन दर्ता गराए पनि एक जना मात्र महिला उम्मेदवार छन् । यो अंकगणितले ठूला र नयाँ सबै दलमा महिला नेतृत्वको विकासबारे राजनीतिक इच्छाशक्तिको अभाव देखाएको छ । कानुनले प्रत्यक्ष र समानुपातिकबिच स्पष्ट बाध्यता नतोकेकाले दलहरूले महिलालाई समानुपातिक कोटामा सीमित गर्ने अभ्यास दोहोऱ्याएका हुन् । निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम तथ्यांकअनुसार १४ राजनीतिक दल र ७ जना स्वतन्त्र गरी ३० जनाले उम्मेदवारी मनोनयन दर्ता गराएका थिए । मनोनयन दर्ता गराएका मध्ये एक जना स्वतन्त्र उम्मेदवारले भने फिर्ता लिएपछि अहिले २९ जना चुनावी मैदानमा उत्रिएका छन् । जसमा राष्ट्रिय जनमोर्चाले मात्रै एक जना महिलालाई उम्मेदवार बनाएको छ । उसले पाल्पा क्षेत्र नं. १ बाट नरमती सिंजालीलाई उम्मेदवारी बनाएको हो । अन्य दलहरुले महिलालाई उपेक्षा गरेका छन् । नेपाल महिला संङ्घकी नेतृ गंगा शर्माले कानुनले नै बाध्यात्मक अवस्था नबनाउँदा यस्तो समस्या आएको बताइन् । "प्रतिनिधिसभामा कानुनले महिलाको प्रतिनिधित्व ३३ प्रतिशत भन्यो, तर प्रत्यक्षतर्फ बाध्य बनाएन । समानुपातिकबाट भए पनि ३३ प्रतिशत पुऱ्याउनुपर्ने भनेपछि सोहीअनुसार राजनीतिक दलको मानसिकता विकास भयो," उनले भनिन्, "महिलाका लागि प्रत्यक्षर्फतको सिट कानुनमै तोकिएको भए यस्तो समस्या आउँदैन थियो ।"




जित सुनिश्चित हुने ठाउँमा पुरुष नेता आफैं उठ्न खोज्ने परिपाटीले महिलाहरु उम्मेदवारी दिनबाट बञ्चित हुने गरेको राप्रपाकी महिला नेतृ राधादेवी रायमाझी बताउन्छिन् । उनी भन्छिन् "जित जस्तो भयो भने पुरुष नेताहरू आफैं उठ्नुहुन्छ, तर हार्नै जस्तो भयो भने मात्र महिलालाई अगाडि ल्याइन्छ , त्यसो हुँदा महिला उम्मेदवार कम भएको देखिन्छ ।" प्रतिनिधिसभामा ३३ प्रतिशत महिला सुनिश्चित गर्नुपर्ने संवैधानिक बाध्यता भए पनि राजनीतिक दलहरूले प्रत्यक्षतर्फ उम्मेदवार बनाउन यसपटक पनि कन्जुस्याइँ गरेका हुन् ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### इन्डोनेसियामा पहिरो ७ को मृत्यु

**(रासस/एएफपी)**

**इन्डोनेसिया,** माघ १०/इन्डोनेसियाको जाभामा आएको पहिरोमा कम्तीमा सात जनाको मृत्यु भएको छ भने ८० भन्दा बढी व्यक्ति अझै बेपत्ता रहेका छन् । भारी वर्षाले उत्पन्न भएको पहिरो शनिबार विहान २:३० बजे पश्चिम बाण्डुग जिल्लामा परेको थियो, जसले धेरै घरमा क्षति पुऱ्याएको छ । राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सी (बीएनपीबी) का प्रवक्ताले भने,"शनिबार विहान पश्चिम जाभा प्रान्तको पश्चिम बाण्डुंग जिल्लामा पहिरो गएको छ, जसमा सात जनाको मृत्यु भएको छ । शनिबार बिहान १०:३० बजेसम्म दर्जनौं बासिन्दा सुरक्षित फेला परेका छन्, तर ८३ जनाको खोजी अझै जारी छ ।" इन्डोनेसियामा वर्षायाम (अक्टोबरदेखि मार्चसम्म) मा बाढी र पहिरो सामान्य समस्या हुन् । गत वर्षको अन्त्यतिर दक्षिण र दक्षिणपूर्वी एसियामा आएको उष्णकटिबंधीय आँधी र तीव्र मनसुन वर्षाले इन्डोनेसियाको सुमात्रा र श्रील्काका पहाडी क्षेत्रमा घातक बाढी र पहिरो ल्याएको थियो । सुमात्रा बाढीमा करिब एक हजार २०० जनाको मृत्यु भएको थियो भने दुई लाख ४० हजार भन्दा बढी विस्थापित भएका थिए । वातावरणीय विज्ञ र विज्ञहरूले वनक्षयले बाढी र पहिरो बढाउन भूमिका खेलेको बताएका छन्, जसले गाउँमा माटोको बहाव ल्यायो ।

## पाल्पामा एक जनाको उम्मेदवारी फिर्ता



**पाल्पा,** माघ १०/आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पाल्पामा स्वतन्त्र उम्मेदवार बनेका क्षेत्र नम्बर २ का देवीप्रसाद भण्डारीले उम्मेदवारी फिर्ता लिएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा तोकिएको समयमा भण्डारीको मात्र उम्मेदवार फिर्ता भएको हो ।

भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा २५ को उपदफा (१) बमोजिम नाम फिर्ता लिएको मुख्य निर्वाचन अधिकृत हरिप्रसाद शर्मा उपाध्याय पंगेनीले जानकारी दिए । ३० जनाको मनोनयन दर्ता भएकामा १४ राजनीतिक दल र ६ जना स्वतन्त्रको उम्मेदवारी कायम रहेको छ । मनोनयन दर्ता गराएका मध्ये एक जना स्वतन्त्र उम्मेदवारले फिर्ता लिएपछि अहिले २९ जना चुनावी मैदानमा उत्रिएका छन् । पाल्पामा क्षेत्र नं.१ मा मतदान स्थल ५२ वटा, मतदान केन्द्र १ सय १७ वटा र मतदाता ९८ हजार ३ सय ८३ जना रहेका छन् । पाल्पा क्षेत्र नं. २ मा १ सय १८ वटा मतदान स्थल, २ सय ५१ वटा मतदान केन्द्र र १ लाख ९ हजार ५३ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय पाल्पाका निर्वाचन अधिकारी महेश शर्माले जानकारी दिए ।

## सिद्धबाबा सुरुङ्गमार्गबाट पूर्वमन्त्री पाण्डेयको चुनावी अभियान

**कृष्ण पोखरेल**

**पाल्पा,** माघ १०/नेपाली कम्युनिष्ट पार्टीका नेता एवं पूर्व उद्योगमन्त्री सोम प्रसाद पाण्डेयले राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको सिद्धबाबा सुरुङ्गमार्गबाट आफ्नो चुनावी प्रचार-प्रसार अभियान सुरु गरेका छन् । आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि पाल्पा क्षेत्र नं. २ बाट उम्मेदवारी दिएका पाण्डेयले यहाँको तिनाउ गाउँपालिका- ३ स्थित सिद्धबाबा सुरुङ्गमार्ग प्रवेशद्धारमा पत्रकार सम्मेलन गरी शुक्रबारदेखि अभियान सुरु गरेका हुन् ।



सुरुङ्गमार्ग निर्माणमा आफ्नो महत्वपूर्ण भूमिका रहेको भन्दै नेता पाण्डेयले चुनावी अभियानै सुरुङ्गमार्गलाई साक्षी राखेर सुरु गरेको बताए । उनले भने "सिद्धबाबा क्षेत्रको सडकलाई सुरक्षित बनाउन सुरुङ्गमार्ग एकमात्र विकल्प हो भनि आफुले निरन्तर दवाब दिएका कारण आज सिद्धबाबा सुरुङ्गमार्ग बन्न सफल भएको हो, यसैलाई साक्षी राखेर मैलै चुनावी अभियान सुरु गरेको हुँ ।" पाण्डेयले जनताको सेवाका लागि चुनावमा होमिएको बताए । उनले भने "मेरो अरु कुनै स्वार्थ छैन्, मलाई कुनै पैसा कमाउनु परेको छैन्, अझै पाल्पाली जनताको सेवा गर्ने, आफ्ना विगतका अधुरा योजना पुरा गर्ने, दुःखमा परेका पाल्पालीहरुको सेवा गर्ने, पाल्पाको विकास निर्माणमा योगदान गर्ने अभियानका साथ उम्मेदवारी दिएको छु ।" गत निर्वाचनमा पराजय भोगे पनि पाल्पाको विकास निर्माण, योजना तथा बजेट ल्याउनमा ठूलो भूमिका खेलेको, दुःख परेका अधिकाश पालपालीको घर-घरमा पुगेकाले नेकपालाई मतदान गरी आफुलाई विजय बनाउन मतदातासँग पाण्डेयले अनुरोध गरे ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सहिद सप्ताहको सन्दर्भ

मुलुकमा भएका राजनीतिक आन्दोलनका क्रममा आफ्नो जीवनको बलिदान गरेका सहिदहरुको सम्झनामा सहिद सप्ताह सुरु भएको छ । सहिदहरुको सम्झनामा प्रत्येक वर्ष माघ १० देखि १६ गतेसम्म सात दिन सहिद सप्ताह मनाउने गरिन्छ । सोही कार्यक्रम अनुसार शनिबारदेखि सहिद सप्ताह सुरु भएको हो ।

सहिदहरुको स्मरणमा १६ गतेसम्म विभिन्न कार्यक्रमहरु हुने गर्दछन् । सहिद सप्ताह हालका दिनमा केवल औपचारिकतामा मात्रै सीमित हुँदै गएको स्थिति विद्यमान रहे पनि हप्ताहभरि नै सहिदहरुको मात्रै विशेषा चर्चा–परिचर्चा हुनुलाई भने एकप्रकारले अर्थपूर्ण नै मान्नुपर्ने हुन्छ । सच्चा सहिदहरु शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरत चन्दको स्मरण गर्दै हरेक वर्ष सप्ताहव्यापी कार्यक्रमहरु गर्ने गरिएको छ । सहिदको नाममा कार्यक्रमहरु भए पनि सच्चा सहिदको सम्मान भने हुन सकेको छैन् । यो दुखको कुरा हो । कवि भूपी शेरचन भन्छन्, ‘हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए, बन्दैन मुलुक दुई–चार सपूत मरेर नगए ’ तर, आजको अवस्था उनले भनेजस्तो छैन । न देशका लागि मर्नेहरू नै छन्, न सहिद भएकाहरूप्रति नै श्रद्धाभाव व्यक्त गर्ने अरु कोही छन् । आज सच्चा सहिदलाई नक्कली सहिदले विस्थापित मात्र होइन गिज्याइरहेको अवस्था छ । मुलुक र जनताको हकअधिकारका आन्दोलनमा सहादत प्राप्त गरेकामध्ये कसलाई सहिद भन्नेमा अझै स्पष्ट मापदण्ड बन्न सकेको छैन् । मुलुकमा चलेको १० वर्षे सशस्त्र द्वन्द्व, २०६२/६३ सालको जनआन्दोलन, मधेस आन्दोलन र अन्य विभिन्न पहिचानका आन्दोलनपछि सहादत प्राप्त गर्ने व्यक्तिलाई सहिद घोषणा गर्ने प्रचलन ह्वात्तै बढेको छ । तर सरकारसँग हालसम्म मुलुकमा कति व्यक्ति सहिद भए भन्ने स्पष्ट तथ्याङ्क छैन् । यो विडम्बना हो । पञ्चायतकालमा प्रजातन्त्र पुनःस्थापनाका लागि भएका आन्दोलनमा पटकपटक थुप्रै योद्धाले शहादत प्राप्त गरेको भए पनि उनीहरूको योगदान प्रति राज्यले त्यति महत्व दिएको देखिँदैन । २०४६ को जनआन्दोलनमा शहादत प्राप्त गर्ने १९ जनालाई सम्मानस्वरूप सरकारले जनही लाख रुपैयाँ आर्थिक सहयोग भने यसअघि गरिसकेको छ । माओवादी जनयुद्ध, १९ दिने जनआन्दोलन तथा मधेस आन्दोलनका अतिरिक्त यस क्रममा कैयन नागरिकले ज्यान गुमाइसकेका छन् । सहिद परिवारका नाममा केहीलाई राहत दिइए पनि कतिपय अझै पनि उपेक्षित छन् । यी सबैको योगदानको खोजीनिती हुन आवश्यक छ । मरेका मात्र नभएर अंगभंग भई बाँचेका तथा बेपत्ता पारिएकाहरूको पनि खोजीनिती हुन आवश्यक छ । सहिदका अपूरा सपना पूरा गर्न सबै गणतान्त्रिक शक्तिहरू एकताबद्ध भई समृद्धिको यात्रामा हातेमालो गर्न सकेमा मात्र सहिद सप्ताहले सार्थकता पाउनेछ । अन्यथा दिवस औपचारिकताकै सिमित बन्ने छ ।

### Opinion @ Socia Network

किताब पढाउने शिक्षक भन्दा किताब किनिदिने
मेरी आमाबाट मैले धैरै पाठ सिकेको छु ।
*(सारदा थामीको **फेसबुक स्टाटसबाट** www.facebook.com/Sarda.Thami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गाउँको ‘सिंहदरबार’ छाडेर सिंहदरबारकै दौड : संघीयतामाथिको बेइमानी



डा. खिमलाल देवकोटा

*विशेषगरी स्थानीय तह र प्रदेशसभामा निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो पाँचवर्षे कार्यकाल पूरा नगरी बिचैमा राजीनामा दिएर सैंय संसद्को निर्वाचनमा उम्मेदवार बन्ने परिपाटी पछिल्लो समय निकै झाँगिएको छ । जनताले कुनै व्यक्तिलाई पाँच वर्षका लागि आफ्नो क्षेत्रको विकास र सेवा गर्ने जनादेश दिएर पठाएका हुन्छन् । तर, ती प्रतिनिधिले व्यक्तिगत राजनीतिक महत्त्वाकाङ्क्षाका लागि उक्त विश्वासलाई तोड्दै पदबाट राजीनामा दिने गरेका छन्। यसले एकातिर लोकतान्त्रिक मूल्य–मान्यतामाथि प्रहार गरेको छ भने अर्कोतिर राज्यको सीमित स्रोत र साधनमाथि अतिरिक्त व्ययभार थपेको छ ।*

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुन ३० जनाभन्दा बढी जनप्रतिनिधिले राजीनामा दिएका समाचारहरू सार्वजनिक भएका छन्। प्रदेशमा मुख्यमन्त्री भइसकेका व्यक्तिदेखि महानगरपालिकाका प्रमुखसम्म र वडाध्यक्षदेखि वडा सदस्यसम्मले सैंघीय संसद्का लागि आकाङ्क्षा राखेको देखिन्छ । नेपालको राजनीतिक इतिहासमा वि.सं. २०७२ को संविधान जारी हुनु र २०७४ सालमा तीनै तहको निर्वाचन सम्पन्न हुनु एक युगान्तकारी फड्को थियो । यसले केन्द्रीकृत राज्यसत्ताको अधिकारलाई नागरिकको घरदैलोसम्म पुऱ्याउने र ‘गाउँ-गाउँमा सिंहदरबार’ को अवधारणालाई साकार पार्ने लक्ष्य राखेको थियो । तर, संविधान कार्यान्वयनको पहिलो दशक पूरा नहुँदै शासकीय अभ्यासमा केही यस्ता प्रवृत्तिहरू देखा परेका छन्, जसले सैंघीयताको जगलाई नै कमजोर बनाउने खतरा पैदा गरेको छ ।

विशेषगरी स्थानीय तह र प्रदेशसभामा निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो पाँचवर्षे कार्यकाल पूरा नगरी बिचैमा राजीनामा दिएर सैंघीय संसद्को निर्वाचनमा उम्मेदवार बन्ने परिपाटी पछिल्लो समय निकै झाँगिएको छ । जनताले कुनै व्यक्तिलाई पाँच वर्षका लागि आफ्नो क्षेत्रको विकास र सेवा गर्ने जनादेश दिएर पठाएका हुन्छन् । तर, ती प्रतिनिधिले व्यक्तिगत राजनीतिक महत्त्वाकाङ्क्षाका लागि उक्त विश्वासलाई तोड्दै पदबाट राजीनामा दिने गरेका छन्। यसले एकातिर लोकतान्त्रिक मूल्य-मान्यतामाथि प्रहार गरेको छ भने अर्कोतिर राज्यको सीमित स्रोत र साधनमाथि अतिरिक्त व्ययभार थपेको छ । यो परिपाटीले हाम्रो राजनीतिक संस्कार कति अपरिपक्व छ र हामी अझै पनि केन्द्रीकृत मानसिकताबाट कति ग्रसित छौं भन्ने कुरा प्रष्ट पार्छ ।

**प्रतिनिधिसभाको बढ्दो मोह र यसको कारण**

स्थानीय र प्रदेशका जनप्रतिनिधिहरू सैंघीय संसद्तिर आकर्षित हुनुका पछाडि बहुआयामिक कारणहरू छन् । पहिलो र प्रमुख कारण ‘वृत्ति विकास’ को गलत बुझाइ हो । धेरैजसो राजनीतिज्ञहरूले स्थानीय तह वा प्रदेशलाई केवल माथिल्लो तहमा पुग्ने सिँढीका रूपमा मात्र लिने गरेका छन् । उनीहरूमा स्थानीय तहमा बसेर गरिने सेवाभन्दा सैंघीय राजधानीको पावर सेन्टर मा बस्नुलाई नै वास्तविक सफलता ठान्ने प्रवृत्ति हाबी छ । भारतजस्ता मुलुकमा मुख्यमन्त्रीहरू प्रदेशमै बसेर दशकौंसम्म काम गर्न रुचाउँछन्, तर नेपालमा भने प्रदेश वा स्थानीय तहमा बसिरहनुलाई राजनीतिमा प्रगति गर्न नसकेको मनोविज्ञानले हेर्ने गरिएको छ । दोस्रो कारण, शक्तिको केन्द्रीकरण र अधिकार बाँडफाँडमा देखिएको असन्तुष्टि हो। संविधानले तीन तहको राज्यशक्तिको बाँडफाँड गरे पनि सैंघीय सरकारले अझै कतिपय अधिकारहरू तल्लो तहमा हस्तान्तरण गर्न आनाकानी गरिरहेको छ। विशेषगरी प्रहरी प्रशासन, कर्मचारी परिचालन र वित्तीय स्रोतको व्यवस्थापनमा सैंघीय सरकारको हस्तक्षेप कायम रहँदा प्रदेश र स्थानीय तहका कतिपय प्रमुखहरू आफूलाई शक्तिविहीन महसुस गर्छन् । प्रदेश तहलाई अधिकार नै नदिनु र स्थानीय तहले पनि कतिपय कामका लागि राजधानी नै धाउनुपर्ने बाध्यताका कारण राजकीय शक्तिको भोक मेटाउन उनीहरू सैंघीय राजधानी र सिंहदरबार वरिपरि घुम्ने पदहरूको खोजीमा लाग्ने गरेका छन् । तेस्रो कारण भनेको पदको ग्ल्यामर र मन्त्री बन्ने तीव्र अभिलाषा हो। हाम्रो विद्यमान व्यवस्थामा सांसद बनेपछि मात्र मन्त्री बन्न पाइने वा मन्त्री बनेको छ महिनाभित्र सांसद बनिसक्नुपर्ने प्रावधान छ । राजनीतिलाई सेवाभन्दा पनि शक्ति र स्रोतको दोहन गर्ने माध्यम ठान्नेहरूका लागि सांसद पद एउटा यस्तो लाइसेन्स बनेको छ, जसले कार्यपालिकामा जाने बाटो खोल्छ । धेरैजसो जनप्रतिनिधिमा आफ्नो कार्यकाल पूरा गरेर जनताको मन जित्नुभन्दा पनि सत्ताको नजिक पुगेर व्यक्तिगत वा गुटगत फाइदा लिने सोच हाबी हुनु नै यो पलायनको मुख्य कारण हो । साथै, संविधानमा स्थानीय तहका लागि दुई कार्यकालको सीमा तोकिए पनि प्रधानमन्त्री, मुख्यमन्त्री वा मन्त्रीहरूका लागि कुनै सीमा नहुनुले पनि नेतृत्वमा बसिरहने लोभ बढाएको देखिन्छ ।

**समस्या र चुनौती :** यी प्रवृत्तिले मुलुकको लोकतान्त्रिक प्रक्रियामा गम्भीर समस्या सिर्जना गरेको छ । सबैभन्दा प्रत्यक्ष असर राज्यको अर्थतन्त्रमा परेको छ । जब कुनै बहालवाला जनप्रतिनिधिले राजीनामा दिन्छ, तब उक्त रिक्त स्थानका लागि उप-निर्वाचन अनिवार्य हुन्छ । उप-निर्वाचनको खर्च भनेको नागरिकले गाँस काटेर तिरेको करको दुरुपयोग हो । एउटै पदका लागि पटक-पटक निर्वाचन गराउँदा लाग्ने खर्चले कयौं विकासका आयोजनाहरू सम्पन्न हुन सक्थे । यो केवल आर्थिक क्षति मात्र होइन, बरु निर्वाचन आयोगको ऊर्जा र समयको समेत बर्बादी हो । अर्कोतर्फ, यसले मतदाताको अपमान गरेको छ । ‘पाँच वर्षका लागि तपाईंको सेवक बन्छु’ भनेर मत मागेका प्रतिनिधिले बिचैमा बाटो मोड्दा मतदातामा राजनीतिप्रति नै वितृष्णा पैदा भएको छ। यसले गर्दा जनउत्तरदायित्व र जवाफदेहिताको कडी टुटेको छ । हालैका वर्षहरूमा युवा पुस्ताले उठाएको विद्रोह र आन्दोलनको एउटा मुख्य मर्म पनि यही थियो कि नेताहरू पारदर्शी र जवाफदेही हुनुपर्छ । तर, राजनीतिक दलहरूले यो जनभावनालाई आत्मसात् गर्न सकेका छैनन् । उनीहरूले आफ्नो पदलाई व्यक्तिगत सम्पत्तिजस्तो ठानी अनुकूलता अनुसार साटफेर गर्ने अभ्यास गरिरहेका छन्, जसले गर्दा लोकतन्त्रको प्राण मानिने नैतिकता हराउँदै गएको छ । यसले सैंघीयताको मूल मर्ममाथि नै प्रहार गरेको छ । स्थानीय सरकारहरूलाई बलियो बनाउनुको साटो उनीहरूलाई केवल अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गरिँदा स्थानीय सुशासन कमजोर भएको छ । अनुभवी र काम गरिरहेका व्यक्तिहरू बिचैमा पद छाडेर हिँड्दा स्थानीय योजनाहरू अलपत्र पर्ने र प्रशासनिक अस्थिरता पैदा हुने जोखिम बढेको छ । यसले राज्यलाई विकेन्द्रित गर्ने भन्दा पनि नेताहरूलाई थप केन्द्रीकृत बनाउँदै लगेको छ ।

**समाधानका उपाय र भावी कार्यदिशा** यो बेथितिलाई रोक्न अब कानुनी र राजनीतिक दुवै तहबाट सुधारका प्रयासहरू थालिनुपर्छ ।

पहिलो समाधान भनेको कानुनी रूपमै पदको कार्यकाल सुनिश्चित गर्नु हो । निर्वाचनसम्बन्धी कानुन वा संविधानमै यस्तो व्यवस्था गरिनुपर्छ कि कुनै पनि निर्वाचित जनप्रतिनिधिले आफ्नो पाँचवर्षे कार्यकाल पूरा नगरी अर्को कुनै पनि तहको निर्वाचनमा उम्मेदवारी दिन पाउने छैन । यदि विशेष परिस्थितिमा राजीनामा दिनै परेको अवस्थामा उक्त व्यक्तिले निश्चित समयसम्म कुनै पनि राजनीतिक नियुक्ति वा उम्मेदवारीका लागि अयोग्य हुने प्रावधान राख्नुपर्छ। दोस्रो, उप-निर्वाचनको झन्झटिलो र खर्चिलो प्रक्रियालाई परिमार्जन गर्नु हो । यदि स्थानीय तहको प्रमुख वा वडाध्यक्षले राजीनामा दिएमा फेरि चुनाव नै गराउनुको साटो सम्बन्धित तहको उप-प्रमुख वा कार्यपालिकाले चयन गरेको वरिष्ठ सदस्यलाई बाँकी कार्यकालका लागि जिम्मेवारी दिने व्यवस्था गर्न सकिन्छ । यसले राज्यको ठुलो धनराशि बचत गर्नुका साथै राजनीतिक स्थिरता पनि कायम राख्छ । त्यसका साथै, राजनीतिक दलहरूले पनि आफैँभित्र यस्ता पदमा लड्न दिने वा नदिनेबारे एउटा स्पष्ट आचारसंहिता र मापदण्ड तयार गर्नुपर्छ । यसपटक नेपाली कांग्रेसले बहालवाला कुनै पनि जनप्रतिनिधिलाई टिकट नदिने मापदण्ड नै बनायो । सोही नीतिका कारण उक्त दलबाट निर्वाचित कुनै पनि प्रतिनिधिले प्रतिनिधिसभामा लड्नका लागि बिचैमा पद त्याग्ने र टिकट पाउने अवस्था रहेन। यसले केही ठाउँमा दललाई क्षति गर्न पनि सक्छ, तर यो एउटा उदाहरणीय अभ्यास हो । यदि सबै राजनीतिक दलहरूले यसरी नै आफ्ना जनप्रतिनिधिहरूलाई पाँच वर्षसम्म आफ्नै क्षेत्रमा टिकाइराख्ने हो भने र दोहोरो पदको मोहलाई निरुत्साहित गर्ने हो भने निर्वाचनको बेथिति धेरै हदसम्म कम हुन सक्छ । सैंघीयताको सफलता जनप्रतिनिधिको निष्ठा र नैतिकतामा भर पर्छ । पद र शक्तिभन्दा माथि उठेर जनताको सेवालाई केन्द्रमा राख्ने संस्कारको विकास नभएसम्म जतिसुकै राम्रो संविधान भए पनि त्यसले सुखद परिणाम दिन सक्दैन । मुलुक अब संविधानको समीक्षा र निर्वाचन प्रणालीको सुधारतर्फ उन्मुख हुनुपर्छ । नागरिक समाज, सञ्चार माध्यम र विशेषगरी युवा पुस्ताले दलहरूलाई निरन्तर दबाब दिइरहनुपर्छ ताकि राजनीति केवल सत्ता प्राप्तिको खेल नभई समाज रूपान्तरणको माध्यम बनोस् । जनप्रतिनिधिले आफ्नो कार्यकाल पूरा गर्नु उनीहरूको कानुनी दायित्व मात्र होइन, मतदाताप्रतिको उच्च नैतिक ऋण पनि हो । यो ऋण चुक्ता गर्ने वातावरण बनाउनु नै आजको सैंघीय लोकतान्त्रिक गणतन्त्रको मुख्य चुनौती र आवश्यकता हो ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सिर्जनशील सोच बढ्ने दिन हो। आवेगपूर्ण निर्णयबाट टाढा रहनु राम्रो रहनेछ। | **तुला** : आत्मविश्लेषण बढ्ने दिन हो। गोप्य योजना अघि बढाउन सक्नुहुन्छ। |
| **वृष** : सहकार्यले मनलाई सन्तुलनमा राख्नेछ।गरिएको कामले फाइदा दिन सक्छ। | **वृश्चिक** : पुराना कुरा सम्झेर मन प्रशन्न रहनेछ। धैर्य र समझदारी आवश्यक छ। |
| **मिथुन** : कार्य गर्दा निर्णयमा स्पष्टता चाहिन्छ। कुराकानीमा राम्रो प्रभाव पर्छ। | **धनु** :अध्ययनको लागि यात्राको सोच आउन सक्छ। आशावादी सोचले ऊर्जा दिनेछ। |
| **कर्कट** : मन शान्त र सकारात्मक रहन्छ। आध्यात्मिक कुरामा मन जाने दिन हो । | **मकर** : जिम्मेवारीमा केन्द्रित रहनुपर्ने दिन रहेकोछ। अरुको भावनाको पनि कदर गर्नुहोला। |
| **सिंह** : कामप्रतिको जिम्मेवारी बढ्नेछ। व्यावहारिक सोच राख्नु जरुरी छ। | **कुम्भ** : कल्पनाले मन उत्साहित बनाउँछ। अनावश्यक खर्चमा नियन्त्रण राख्नुहोस्। |
| **कन्या** : सौन्दर्यतर्फ आकर्षण बढ्ने दिन हो। निर्णयमा ढिलाइ गर्दा अवसर चुक्न सक्छ। | **मीन** : पराक्रममा वृद्धी हुनेछ। भावनामा बगेर निर्णय नगर्नु उत्तम हुनेछ। |

कृषि

# ४.२० प्रतिशतले घट्यो धान उत्पादन



चालु आर्थिक वर्ष २०८२/८३ मा धान उत्पादन घटेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्यांकअनुसार गत आर्थिक २०८१/८२ मा १४ लाख २० हजार छ सय ३६ हेक्टर क्षेत्रफलमा धान खेती गरिएकोमा चालु आर्थिक वर्ष ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार आठ सय ७२ हेक्टरमा सीमित हुन पुगेको छ । गत आर्थिक वर्ष ५९ लाख ५५ हजार चार सय ७६ मेट्रिक टन धान उत्पादन भएकोमा चालु आर्थिक वर्ष ४.२० प्रतिशतले घटेर ५७ लाख पाँच हजार एक सय २६ मेट्रिक टन उत्पादन हुने अनुमान गरिएको छ । गत वर्षभन्दा धानको उत्पादकत्वसमेत घटेको छ । मन्त्रालयका अनुसार गत वर्ष प्रतिहेक्टर ४.१९ मेट्रिक टन रहेको उत्पादकत्व चालु आर्थिक वर्ष ४.१४ मेट्रिक टन हुने अनुमान छ । धान बालीको क्षेत्रफल र उत्पादनमा कमी आउनुको मुख्य कारणमा पहाडी क्षेत्रमा बसाइसराइ, युवाहरूको विदेशप्रतिको आकर्षण, फलफूल तथा नगदेबाली वृद्धि, तराई र शहरी क्षेत्रमा आप्रवासन, जमिनको औद्योगिक तथा पूर्वाधार निर्माणमा प्रयोग र मधेस प्रदेशमा धान रोपाइँको समयमा परेको खडेरी भएको मन्त्रालयको दाबी छ । मन्त्रालयकी प्रवक्ता डा. जानुकी पण्डितका अनुसार चालु आर्थिक वर्ष उन्नत बीउ, बिजन र मलखादको पर्याप्त उपलब्धता भए पनि प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको हो । धान उत्पादनमा आएको कमीले समग्रमा खाद्य सुरक्षामा असर पर्ने भएकाले किसान र योजनाकारले सुधारका लागि ध्यान दिनुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले धानबालीको तथ्यांक अनुमान गर्दा सातवटै प्रदेशका कृषि विषय क्षेत्राधिकार भएका प्रदेश मन्त्रालयबाट प्राप्त तथ्यांकलाई आधार लिएको थियो । धानबाली भित्र्याइएको क्षेत्रफलको अनुमान गर्दा अघिल्ला आर्थिक वर्षहरूको क्षेत्रफलसम्बन्धी तथ्यांक, रोपाइँ आँकडा, सिँचाइ क्षेत्रफलमा भएको परिवर्तन किसानहरूसँगको अन्तरक्रिया, जमिनको अन्य प्रयोगमा भएको परिवर्तनलाई आधार लिइएको हो । उत्पादकत्व अनुमान गर्दा कृषि कार्यालय/कृषि ज्ञान केन्द्र, स्थानीय तह एवं राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइमार्फत् गरिएका बाली कटानीका तथ्यांकहरूको आधारमा गरिएको छ । यसरी प्रदेश मन्त्रालयबाट प्राप्त तथ्यांक र मन्त्रालय र इसिमोडको सहकार्यमा तयार गरिएको रिमोट सेन्सिङ २०२५ बाट प्राप्त तथ्यांकसमेतलाई ध्यानमा राखी प्रदेश मन्त्रालयसमेतको सहभागितामा ट्रियाङ्गुलेस एवं भ्यालिडेसन गरी धानबालीको तथ्यांक तयार पारिएको मन्त्रालयले जनाएको छ । नेपालको खाद्य सुरक्षाका लागि धानबाली एक महत्वपूर्ण बाली मानिन्छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन(जिडिपी)मा कृषि क्षेत्रको योगदान करिब २५.१६ प्रतिशत रहने अनुमान थियो भने कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा धानबालीको योगदान करिब १२ प्रतिशत रहेको थियो । कृषि मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठका अनुसार नेपालमा वार्षिक करिब ५५ लाख टन धान उत्पादन हुने गरेको छ तर मुलुकलाई आत्मनिर्भर हुन करिब ७९ लाख ३७ हजार टन धान चाहिन्छ । चामलका रूपमा खान वार्षिक ६८ लाख ९० हजार टन धान आवश्यक पर्छ भने १० लाख ४७ हजार टन धान अन्य प्रयोजन जस्तै पेय पदार्थ, पशु आहार र बीउका रूपमा प्रयोग भइरहेको छ । नेपालमा वार्षिक करिब चार सय २० लाख लिटर रक्सी बनाइने गरेको र सो उत्पादनको २० प्रतिशत रक्सी चामलबाट बन्ने सरकारी अनुमान छ । धान विश्वको करिब तीन खर्ब पाँच अर्ब जनसंख्याका लागि आधारभूत खाद्यवस्तु एवं शरीरलाई आवश्यक पर्ने क्यालोरीको प्रमुख स्रोत हो । संयुक्त राष्ट्र खाद्य एवं कृषि संगठनका अनुसार संसारभर करिब १६ करोड २१ लाख हेक्टरमा धान खेती भई सात अर्ब पाँच करोड ५४ लाख टन उत्पादन हुन्छ । कुल उत्पादनमध्ये ९० प्रतिशत उत्पादन तथा खपत एसियाली मुलुकहरूमै हुने गर्छ । उत्पादनको दृष्टिले विश्वमा सबैभन्दा बढी धान फलाउने देश चीन हो भने नेपाल धान उत्पादनमा १७ औँ स्थानमा पर्छ ।

*-इहिमालय टाइम्स डटकम*

# वैदेशिक रोजगारी छाडेर जुनार खेतीतर्फ लागे युवा



रामेछापका युवाहरू वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ आकर्षित भएका छन् । कम मेहेनत र लगानीमा राम्रो आम्दानी हुने भएपछि उनीहरू यस पेसातर्फ लागेका हुन् । विशेषगरी जिल्लाका युवा वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेको रामेछाप नगरपालिकाका कृषि शाखा प्रमुख कृष्ण भुजेल बताउँछन् । उनका अनुसार रामेछाप ६ ओखेनीका हिमाल तामाङ, टेकबहादुर तामाङ, प्रेमबहादुर तामाङ र वडा नं ७ सुकाजोरका रामकुमार कार्कीलगायत युवाहरू वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेको जानकारी दिए । उनले अन्य किसानको भन्दा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको जुनार बगैँचा राम्रो र धेरै फल्ने गरेको पनि बताए । उनले भने, "उनिहरू विदेशमा मेहेनत गर्ने बानी परेर होला आफ्नो जुनार बगैँचामा पनि पर्याप्त समय दिनुहुन्छ, अनि बगैँचा राम्रो र सफा भएपछि दाना पनि चिल्ला र ठूलो हुने गरका छन्, अरु जुनार किसानको तुलनामा उनिहरूको जुनार बढी बिक्री हुने गरेको जानकारी मलाई प्राप्त भएको छ ।" जुनारखेती गरेको जमिनबाट दोहोरो आम्दानी पनि हुने गरेको छ । जुनार बगैँचाभित्र तोरी, भटमासलगायत कोसेबाली, बन्दा, काउली, मुला, साग, गाँजर, लसुन, प्याजजस्ता तरकारी बालीसमेत उत्पादन गरी थप आम्दानी लिन सकिने रामेछाप नगरपालिका-७ की किसान ज्ञानुका कार्की बताउँछन् । बर्सेनि जुनारखेती विस्तार गर्दै गएमा उत्पादन वृद्धि हुने र जुनारले उत्पादन दिन थालेपछि बगैँचाबाटै प्रतिकिलो रु ६० देखि ८० सम्ममा बिक्री हुने गर्दछ । जुनार बगैँचाभित्रको तरकारी तथा कोसे बालीले पनि राम्रो आम्दानी दिने गरेको कार्कीले बताए । यसरी जुनारबाट दोहोरो फाइदा हुन थालेपछि पछिल्लो समयमा यहाँका किसान जुनारखेतीतर्फ अकर्षित भएका हुन् । विदेशको जति स्वदेशमै मेहेनत गर्ने हो भने वैदेशिक रोगजारीभन्दा कम यस खेतीबाट पनि नहुने किसानहरूको दाबी छ । दैनिक रूपमा हजारौँका सङ्ख्यामा विदेशिने युवालाई यस्ता कृषि कर्ममा स्थानीय पालिकाहरूले विभिन्न अनुदान दिएर लगाउन सके रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता अन्त्य हुने जुनार समन्वय समितिका अध्यक्ष गुन्जबहादुर कार्की बताउँछन् ।

*-हाम्रा कुरा डटकम*

# कालानमक धानको स्वाद र सुगन्ध जोगाउने कसरत



कुनै समय बाँके र बर्दियाका खेतका फाँटहरूमा मगमग बास्ना चल्थ्यो । जब कालानमक धान पाक्ने बेला हुन्थ्यो, बाटो हिँड्ने बटुवा पनि त्यसको सुगन्धले लोभिन्थे । तर समय फेरिएसँगै बजारमा भित्रिएका बढी फल्ने र छिटो पाक्ने उन्नत (हाइब्रिड) जातका धानको भीडमा ती रैथाने बास्नाहरू हराउन थाले । अहिले बाँकेमा ३४ हजार १९० हेक्टरमा धानखेती हुन्छ तर ती फाँटहरूमा कालानमकजस्ता परम्परागत जातका धानको उपस्थिति करिब शून्य जस्तै छ । किसान व्यावसायिकतातर्फउन्मुख भएसँगै थोरै लगानीमा धेरै प्रतिफल खोज्दा हाम्रा मौलिक स्वादहरू सङ्कटमा परेको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ ।

**किन हराउँदैछ कालानमक ?**

कालात्मक धान लोप हुनुका पछाडि मुख्य तीन कारण छन् कम उत्पादन, बढी समय र उच्च लगानी । कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी सन्तोष पाठकका अनुसार यो धान तयार हुन करिब १४० दिन लाग्छ । असारमा रोपेको धान मङ्सिरको पहिलो साता मात्र भित्र्याउन सकिन्छ । "विगतमा यसको खेती निकै हुन्थ्यो तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धेरै लाभ लिनतिर लागे", उनी भन्छन्, "यसमा सिँचाइ र स्याहार बढी चाहिने तथा रोग किराको प्रकोप पनि बढी देखिने भएकाले किसान 'हाइब्रिड'तिर आकर्षित भए ।" कालानमक धानखेतीमा केही प्राविधिक समस्याहरू पनि छन् । पहिलेका बीउहरू धेरै अग्लो हुने र खेतमा ढल्ने समस्या थियो । अहिले होचो जातको बीउ प्रयोगमा ल्याइएको छ । अर्को समस्या भनेको 'किरा'को हो । असोज-कात्तिकमा अन्य धान भित्र्याइसकेपछि वरपरका सबै किराहरू ढिलो पाक्ने कालात्मकमा सर्ने गर्छन्, जसले धान पोकट बनाउने जोखिम रहन्छ । "विगतमा बाँके र बर्दिया जिल्लामा यसको खेती हुन्थ्यो तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धेरै उत्पादन गरेर लाभ लिनतिर लागे", सूचना अधिकारी पाठकले भने "कालानमकको खेती शून्य प्राय: भएपछि अहिले यसको प्रवद्धन र प्रचारमा लागेका छौँ ।" पहिलाको कालानमक धानको बीउ धेरै अग्लो हुने र खेतमा ढल्ने समस्या भएकाले अहिले होचो कालानमक बीउ प्रयोगमा ल्याइएको छ । किसानले रासायनिक मल धेरै हाल्ने चलन रहेकाले ढल्ने समस्या देखिएको हुँदा युरिया, डिएपी र पोटासको सन्तुलित प्रयोग गर्न किसानलाई सल्लाह दिने गरिएको पाठकले बताए । उनका अनुसार आर्थिक रूपमा भने यो धान निकै लाभदायक देखिन्छ । सामान्य धानको मूल्य प्रतिक्विन्टल रु तीन हजार पाँच सय छ भने कालानमक प्रतिक्विन्टल रु १० हजारसम्ममा सजिलै बिक्री हुन्छ । विशेषगरी उच्च घराना र पर्यटकको पहिलो रोजाइमा पर्ने हुनाले यसको बजार सुनिश्चित छ ।

**संरक्षणको आशा**

हराउँदै गएको यो रैथाने सानलाई जोगाउन कृषि ज्ञान केन्द्र बाँकेले अहिले विशेष पहल थालेको छ । कृषि अनुसन्धान परिषद् (नार्क) खजुराबाट प्राप्त बीउलाई बाँकेको वैजनाथ गाउँपालिका-८ टिटिहिरियाका किसान जगनारायण चौधरीको खेतमा परीक्षणका रूपमा लगाइएको छ । चौधरीले करिब एक हेक्टर क्षेत्रफलमा कालानमक खेती गर्दै आएका छन्छ । पाँच वर्षदेखि यो धान जोगाउन लागेका उनी भन्छन्, "उत्पादनमा खर्च बढी लाग्छ, तर यसको बजारमा माग निकै छ ।" यस प्रजातिको धानको उत्पादनमै बढी खर्च लाग्ने भएकाले मूल्य महङ्गो परेको जनाइएको छ । यो धान असारमा रोपेपछि मङ्सिरको पहिलो साता मात्रै काट्न तयार हुन्छ । सिँचाइ पनि पर्याप्त चाहिन्छ । करिब छ महिनामा तयार हुने भएकाले यसमा रोग सङ्क्रमणको जोखिम हुन्छ । अन्य धान असोज-कात्तिकमा भित्र्याउँदा त्यहाँका पतेरा किरा कालानमकमा जाने र धान पोकट बनाउने समस्या हुने गरेको कृषक चौधरीले बताए ।

**आयात प्रतिस्थापनको लक्ष्य**

सरकारले अहिले मसिनो तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई बीउ र प्रविधिमा अनुदान दिन थालेको छ । कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ विनोद घिमिरेका अनुसार कालानमक जस्ता रैथाने धानको उत्पादन बढाएर बाहिरबाट हुने मसिनो चामलको आयात प्रतिस्थापन गर्ने योजना छ । आधुनिकताको दौडमा हामीले हाम्रा रैथाने बीउबिजन गुमाउँदै गएका छौँ । टिटिहिरियाका जगनारायण चौधरी जस्ता किसान र कृषि ज्ञान केन्द्रको यो प्रयासले 'कालानमक' को सुगन्ध फेरि बाँकेका फाँटहरूमा फर्किने आशा जगाएको छ । यदि प्रविधि र सन्तुलित मलखादको प्रयोगमा किसानलाई प्रोत्साहन गर्ने हो भने कालानमक केवल पहिचान मात्र होइन, समृद्धिको आधार पनि बन्न सक्छ । बाँकेमा किसानले रामधान, राधा ४, एमपी ६०, गोरखनाथ लगायतको हाइब्रिड धान रोप्दै आएका छन् । रैथाने धानको जातलाई प्रवर्द्धन गर्न खोजे पनि किसानले रुचि नदेखाएको कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ घिमिरेको भनाइ छ । यो धान उत्पादन बढाउन बाँकेमा प्रवर्द्धनात्मक कार्यक्रम नै लागू गरिएको छ । मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई बिउ र कृषि प्रविधिमा अनुदान दिने गरिएको छ । कालानमक धानको उत्पादन बढाएर मसिनो धान आयात प्रतिस्थापन गर्ने योजना रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । पुराना रैथाने जातबाट उत्पादन कम हुने र रोगकिरासित लड्ने क्षमतामा पनि कम हुने भएकाले पुराना जातको सट्टा नयाँनयाँ जातको धान खेती हुने गरेको छ । बालीको निश्चित अवधिपछि रोगकिराको प्रतिरोधात्मक शक्तिमा कमी हुन्छ । यसले रासायनिक मल तथा विषादी बढी प्रयोग गर्नुपर्ने हुनाले उत्पादन लागत बढ्न जाँदा किसानले नयाँ जात खोज्ने गरेको घिमिरेको भनाइ छ । पछिल्ला दिनमा किसानका खेतमा कालोरङका स्यामजिरा, कालानमक र मसिनो बासमती धानका बाला झुलेको देखिन छाडेका छन् । अहिले किसानले उन्नत र हाइब्रिड जातका धानखेती गर्दै आएको नेपालगञ्ज-१९ का किसान ललवा माहुतले बताए । "नयाँ पुस्ताले रैथाने बीउको प्रयोग गर्नै चाहँदैनन्, रोगप्रतिरोधात्मक धानको बिउ अहिले लोप भयो", किसान माहुतले भने, "व्यापार व्यवसायतर्फ नयाँपिँढी लाग्दा दोस्रो पुस्ताले हाम्रा बाउबाजेले यो धानखेती गर्थे र भनेर चकित पर्ने दिन आउन सक्छ ।" कृषि ज्ञान केन्द्रका अनुसार मसिनो बासमती, कालानमक र स्यामजिरा जस्ता धानका लागि अन्य जातका धानकोभन्दा धेरै पानी चाहिन्छ । उत्पादन पनि उन्नत र हाइब्रिड जातका धानको तुलनामा कम हुन्छ । पश्चिम तराईका अधिकांश जिल्लामा पर्याप्त सिँचाइ सुविधा नभएका कारण किसानले पानी बढी चाहिने रैथाने स्थानीय जातका धानखेती गर्न छाडेर सुक्खा सहनसक्ने उन्नत जातका विभिन्न हाइब्रिड धानखेती गर्न थालेका छन् । रैथाने जातको धान प्रतिहेक्टर तीनमेट्रिक टनसम्म उत्पादन हुन्छ भने उन्नत र हाइब्रिड जातको धान प्रतिहेक्टर पाँच मेट्रिकटनसम्म उत्पादन हुन्छ ।

**रैथाने धान उत्पादनमा गाभरवासी अग्रसर**

बाँकेको बैजनाथ गाउँपालिका-१ गाभर भ्याली पछिल्लो समयमा आएर रैथाने उत्पादनको महत्वपूर्ण पकेट क्षेत्र बन्दै गएको छ । स्थानीय र प्रदेश सरकारले रैथाने प्रजातिका अन्नबालीहरूको संरक्षणमा जोड दिँदै नीति तथा कार्यक्रम ल्याएपछि यो क्षेत्रमा रैथाने उत्पादनमा विशेष ध्यान दिइएको हो । लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमै रैथाने प्रजातिका अन्नबाली संरक्षण कार्यक्रम समावेश गरेकोले बाँके जिल्लाको गाभर भ्यालीमा रैथाने धान उत्पादन सुरु गरिएको गाभर भ्याली सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरीले बताए । यो क्षेत्रमा पाइने कालानमक, घैया, गर्भे र अनदीलगायतका रैथाने धानहरू लोप हुने अवस्थामा पुगेपछि संरक्षण गर्ने अभियान सुरु भएको छ । गाभर क्षेत्रमा एक बिघाभन्दा बढी क्षेत्रफलमा यस्ता धानको खेती भइरहेको छ । गाभर भ्यालीमा आउने पर्यटकहरू रैथाने उत्पादन अवलोकन गर्न पनि आउने गरेको उनले बताए । यी धानहरू संरक्षण गरेर यस क्षेत्रको ऐतिहासिक र सांस्कृतिक महत्व झल्काउँदै रैथाने धानहरूको व्यावसायिक उत्पादन गर्ने योजना रहेको चौधरीको भनाइ छ ।

*-रासस*

# सहिद सप्ताहको पहिलो दिन शास्त्रीको सम्झना




**पाल्पा,** माघ १०/विभिन्न राजनीतिक आन्दोलनका क्रममा जीवन बलिदान दिने सहिदहरुको सम्झनामा शनिबारदेखि सहिद सप्ताह शुरु भएको छ । माघ १० गते शुक्रराज शास्त्रीले मुलुकमा प्रजातन्त्र स्थापनाका लागि टेकुको पचलीमा आफ्नो जीवन बलिदान ऐका थिए । सोही दिनको स्मरण गर्दै माघ १० गते उनको टेकुस्थित शालिकमा माल्यार्पण र पुष्पगुच्छा अर्पण गर्दै सहिद सप्ताह शुरु गरिएको हो ।

मुलुक र जनताको हकअधिकारका लागि आफ्नो प्राण आहुति दिने सहिदको सम्झनामा सरकारले प्रत्येक वर्ष माघ १० देखि १६ गतेसम्म सहिद सप्ताह मनाउने गर्दछ । सप्ताहको अवसरमा मूल समारोह समितिले विभिन्न कार्यक्रमको आयोजना गरेको छ । विसं २०१२ देखि नै काठमाडौं महानगरपालिकाको संयोजकत्वमा प्रत्येक वर्ष सहिदको सम्झनामा विभिन्न कार्यक्रम गरिँदै आएको छ । यस वर्ष पनि महानगरपालिकाले चार सहिदलाई मृत्युदण्ड दिइएको स्थानमा गएर श्रद्धाञ्जलि कार्यक्रम सुरु गरेको छ । पहिलो दिन शनिबार सहिद शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिइएको स्थान पचलीमा श्रद्धाञ्जलि कार्यक्रम गरी सहिदप्रति सम्मान गरिएको छ । सहिद शास्त्रीलाई विसं १९९७ मा पचलीमा मृत्युदण्ड दिइएको थियो । त्यसैको सम्मान स्वरुप शास्त्रीलाई सम्झना गरिएको छ । विसं १९५० मा बनासरमा जन्मिएका शास्त्रीले भारतकै देहरादुनबाट प्रारम्भिक शिक्षा लिएका थिए । धार्मिक गतिविधिबाट जहानियाँ शासनविरुद्ध जागरण अभियान सञ्चालन गर्ने क्रममा १९९४ मङ्सिर १३ गते इन्द्रचोकमा मानिसलाई भेला गराएर तातकालिन सरकारको आलोचना गरेको आरोप लगाएर उनलाई पक्राउ गरिएको थियो । यसैगरी धर्मभक्त माथेमालाई माघ १३ गते र गंगालाल श्रेष्ठ तथा दशरथ चन्दलाई माघ १५ गते प्राणदण्ड दिइएको थियो । निरकुंश व्यवस्थाविरुद्ध तत्कालीन कठिन परिस्थितिमा ज्यानको आहुति दिने सहिद महान् भएको र सहिदका परिवारलाई राज्यले उचित सम्मान दिनुपर्ने अवाज पछिल्लो समय उठेको छ । राणाशासनको विरोध गर्दै जनतालाई प्रजातन्त्रका पक्षमा एकजुट एवम् शिक्षित गरेको आरोपमा विसं १९९७ मा उनीहरूलाई मृत्युदण्ड दिएको थियो । त्यस्तै, माघ १६ गते सहिद दिवसका दिन विभिन्न कार्यक्रमको आयोजना गरी मुलुक र जनताका लागि भएका विभिन्न अधिकारका आन्दोलनमा आफूलाई समर्पित गर्ने सम्पूर्ण सहिदको सम्झना गरिन्छ । उनीहरुको पूर्णकदको शालिक उनीहरुले साहादत प्राप्त गरेकै स्थानमा निर्माण गरिएको छ ।

## पाल्पामा दलहरुबाट...

...यहाँको क्षेत्र नं. १ बाट ९ दल र ४ स्वतन्त्रले उम्मेदवारी दिएका छन् । यहाँ नेकपा (एमाले) बाट नारायणप्रसाद आर्चाय, नेपाली कांग्रेसबाट सन्दिप राना, नेपाली कम्युनिष्ट पार्टीबाट हुमबहादुर सुनारी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट बिमल पन्त र राष्ट्रिय जनमोर्चाबाट नरमती सिञ्जालीले उम्मेदवारी दर्ता गरेको निर्वाचन अधिकृत दशरथ पंगेनीले जानकारी दिए । यस्तै मङ्गोल नेशनल अर्गनाइजेसनबाट सलन चिदी, नेशनल रिपब्लिक नेपालबाट थमनसिंह रेग्मी मगर, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बृहस्पति अर्याल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट पुरन गैरे शर्मा तथा स्वतन्त्रबाट कौशल अर्याल, डिल्लीराज काफ्ले, जुद्धबहादुर विरकट्टा र वाछावली मिया चुनावी मैदानमा छन् । यस्तै क्षेत्र नं २ बाट १४ राजनीतिक दल र दुई स्वतन्त्र उम्मेवार चुनावी मैदानमा छन् । यहाँ नेकपा (एमाले) बाट ठाकुर गैरे, नेपाली कांग्रेसबाट हिमालदत्त श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीबाट सोमप्रसाद पाण्डेय, राष्ट्रिय स्वतन्त्र पार्टीबाट माधवबहादुर थापा चुनावी प्रतिस्पर्धामा छन् । त्यसैगरी राष्ट्रिय जनमोर्चाबाट बालबहादुर दर्लामी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट डुलबहादुर कुँवर, नेशनल रिपब्लिक नेपालबाट देवप्रसाद श्रेष्ठ, सार्वभौम नागरिक पार्टीबाट रामबहादुर अस्लामी, जनता समाजवादीबाट खिकबहादुर रेश्मी, राष्ट्रिय जनमुक्तिबाट टोपबहादुर अस्लामी, मङ्गोल नेसनल अर्गनाइजेसनबाट मानबहादुर दर्लामी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट विष्णु ठडराई, प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट बोधराज जैसी, नेपाल मजदुर किसान पार्टीबाट कृष्णशोभा मुस्याख्व पनि चुनावी मैदानमा उत्रिएका छन् । त्यसैगरी स्वतन्त्रबाट मोहनकुमार थापा र केशवप्रसाद बस्याल पनि चुनावी मैदानमा छन् ।

## सिद्धबाबा सुरुङ्गमार्गबाट...

...उनले सुरुङ्गमार्ग निर्माणको लागि तत्काल रकम सुनिश्चित नभए, म सिद्धबाबा क्षेत्रमै अनशन बस्ने घोषणा गरेपछि बाध्य भएर तत्कालिन अर्थमन्त्री युवराज खतीवडाले १० अर्ब रुपैयाँ बजेट सुनिश्चितता गरी सुरुङ्ग मार्ग निर्माणको काम भएको अगाडि बढे दावी समेत गरे । संसददेखी सरकारसम्म, गाउँदेखी शहरसम्म, झुपडीदेखी महल सम्मको अनुभव आफुमा रहेको, कानुन निर्माणदेखी सरकार चलाउनेसम्म अनुभव भएकाले भदौ २३ र २४ मा जेनजीहरुले गरेको आन्दोलनको भावनालाई समेत पुरा गर्नको लागि पाल्पा क्षेत्र नं २ मा नेकपाको तारा चिन्हमा मतदान गर्न उम्मेदवार पाण्डेले जनतासँग आग्रह गरे । मुलुक अहिले संकटमा रहेकोले, निकास र विकासको लागि राजनीतिक दलहरुबिचको सहमति, एकता र सहकार्यको लागि सक्रियता रहने उम्मेदवार पाण्डेले बताए । चुनावी प्रचार प्रसार पत्रकार भेटघाट कार्यक्रममा नेकपा पाल्पाका अध्यक्ष अशोक कुमार शाही, केन्द्रिय सदस्य यादव बहादुर रायमाझी, समानुपातिक सांसद पार्वती विकसहित स्थानीयवासी, पत्रकार एवं पार्टीका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

## खेलकुद समाचार

### नेपालले बङ्गलादेशलाई ४-१ गोलले हरायो




**काठमाडौँ,** माघ १०/साफ फुटसल च्याम्पियनशिपको पुरुषतर्फ नेपालले आफ्नो पाँचौं खेलमा बङ्गलादेशलाई हराएको छ । थाइल्यान्डको बैंककमा रहेको नोन्थाबुरी रङ्गशालामा शनिबार भएको खेलमा नेपालले बङ्गलादेशलाई ४-१ गोलले हरायो । नेपालका लाक्पा तामाङ, सरोज तामाङ, सञ्जय स्याङ्तान र विक्रान्त नरसिंह रानाले गोल गरे । बङ्गलादेशका एमडी रहबर वाहेद खानले गोल गरे । प्रतियोगितामा नेपालको यो दोस्रो जीत हो । नेपाल यसअघि नै उपाधि प्रतिस्पर्धाबाट बाहिरिएको छ । नेपालले पहिलो खेलमा श्रीलङ्कालाई २-१ गोलले हराउँदा दोस्रो खेलमा भारतसँग ३-३ गोलको बराबरी खेलेको थियो । यस्तै नेपालले तेस्रो खेलमा पाकिस्तानसँग ४-४ गोलको बराबरी खेल्दा चौथो खेलमा माल्दिभ्ससँग २-१ गोलले पराजित भएको थियो । दक्षिण एशियाली फुटबल महासै (साफ) ले पहिलो पटक साफ फुटसल च्याम्पियनशिप आयोजना गरेको हो । प्रतियोगितामा दक्षिण एशियाका सात वटै देश (नेपाल, भारत, माल्दिभ्स, बङ्गलादेश, भुटान, श्रीलङका र आयोजक थाइल्यान्ड) बाट पुरुष र महिला टोली सहभागी छन् । लिग चरणको खेलपछि शीर्ष स्थानमा रहने टोलीले उपाधि जित्नेछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### वाणिज्य बैंकको निष्क्रिय कर्जा ४ दशमलव ५५ प्रतिशत




**काठमाडौँ,** माघ १०/सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको चालु आर्थिक वर्षको प्रथम छ महिनासम्मको निष्क्रिय कर्जा ४ दशमलव ५५ प्रतिशत रहेको तथा नाफा एक अर्ब ७५ करोड भएको जनाएको छ । यो अपरिस्कृत विवरण हो ।

बैंकको ६१ औं वार्षिकोत्सवका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकालले उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेर बैंकले कर्जा प्रवाह गरिरहेको जानकारी दिए । "हाल पुँजीबजार, निर्माण, सेवा, लगानी प्रवर्द्धन एवं विकास निर्माणका क्षेत्रमा सकारात्मक सङ्केत देखिएका छन्, यसले अर्थतन्त्रमा आशाको सञ्चार गरेको छ", उनले भने । बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवीन सोच र सङ्कल्पका बैंकले वित्तीय सेवा प्रवाह गर्दै आएको बताए । कर्जा प्रवाह बढाउनु चुनौती भएको स्वीकार गर्दै उनले भने, "बैंकको पुँजीको आधार सुदृढ बनाउन तीन खर्ब बराबरको ऋणपत्र निष्कासनको तयारीमा रहेको छ । बैंकसँग हाल कर्जा निक्षेपको अनुपातका आधारमा एक खर्ब ७१ अर्ब तथा तरलताका आधारमा एक खर्ब ३९ अर्बको लगानीयोग्य रकम देखिएतापनि पुँजी पर्याप्ताका आधारमा थप १८ अर्ब मात्र कर्जा प्रवाह गर्ने अवस्था छ ।" कार्यक्रममा दिइएको जानकारीअनुसार बैंकले निक्षेपतर्फ ४७ लाख ४३ हजार र कर्जातर्फ दुई लाख २६ हजारभन्दा बढी ग्राहकलाई सेवा दिँदै आएको छ । चुक्ता पुँजी १५ अर्ब ६३ करोड भएको बैंकले चालु आवका छ महिनामा कुल निक्षेप पाँच खर्ब ५३ अर्ब सङ्कलन तथा १९ अर्ब बराबरको कर्जा प्रवाह गरेको छ । ---*रासस*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई